फोन नं. ९८५७०६८५६८
mathagadhimun@gmail.com
www.mathagadhimun.gov.np

# माथागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## लुम्बिनी प्रदेश
## झडेवा, पाल्पा

सूचना नं.१२ / मितिः-२०८१।०५।०७

सूचना । सूचना ।। सूचना ।।।

विषयः गाउँपालिका स्तरिय तिज गीत तथा नृत्य प्रतियोगिता सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा हिन्दु नारीहरुको महान चाड हरितालिका तीजको अवसरमा माथागढी गाउँपालिकाको आयोजनामा तपसिल बमोजिमको मिति, समय र स्थानमा तीज गीत तथा नृत्य प्रतियोगिता कार्यक्रम सञ्चालन हुने भएकाले माथागढी गाउँपालिका भित्रका सम्पूर्ण वडाका महिलाहरुलाई सहभागीताको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

मितिः २०८१/०५/१६ गते, आइतबार
समय : दिनको १०:०० बजे
स्थानः माथागढी-४ झडेवा (मालेबगर)

पुरस्कार

प्रथम पुरस्कार : १५०००/-
द्वितीय पुरस्कार : १००००/-
तृतीय पुरस्कार : ५०००/-
( उक्त रकम नियमानुसार २५ प्रतिशत कर कट्टी हुनेगरी भुक्तानी गरिनेछ ।)

नियमहरुः
गीतको भाव : लैङ्गिक समानता (गीतमा मौलिकता हुनुपर्नेछ तथा कुनै व्यक्ति, राजनीतिक दल र समूहलाई आक्षेप लगाउन पाईने छैन ।)
समूह : एक समूहमा ७ जना सम्म हुनुपर्नेछ ।
समय : गीत बढीमा ७ मिनेटको हुनुपर्नेछ।
पोशाक : मौलिकता र संस्कृति झल्किने हुनुपर्नेछ ।
वाद्यवाधन : वाद्यवाधन समूह आफैले गर्नु पर्नेछ ।
सहभागी हुन मिल्ने : विवाहित नारी
कार्यक्रममा कुनै विवाद आएमा आयोजकको निर्णय नै अन्तिम निर्णय मानिनेछ ।

(थप जानकारीको लागि कार्यालय सम्पर्क नं. ९८५७०६८५६८ र ९८५७०७९११५)

२०८१/०५/०६
..............................
नित्यानन्द खनाल
नि. प्रमुख प्रशासकीय अधिकृत